जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २५८ २०८० साल जेठ ४ गते बिहीबार (18 May 2023 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : तोकिएकोभन्दा बढी शुल्क नलिन... ३ पृष्ठमा : मन्त्री शर्मा भन्नुहुन्छ, “सूचना ..४ पृष्ठमा : डिजेल र मट्टितेलको...

## नेकपा एकीकृत समाजवादीद्वारा भुटानी शरणार्थी प्रकरणका दोषिलाई कारवाहीको माग



**दैनिक समाचारदाता**
**राजविराज, ३ जेठ ।**

नेपाली नागरिकहरुलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउन गरिएको मानव बेचबिखन र भ्रष्टाचारको ग्राण्ड डिजाइनको बिरुद्ध नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का मोर्चा संगठनहरुले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

नेकपा एकीकृत समाजवादीका सप्तरी जिल्ला अध्यक्ष प्रताप नारायण चौधरीको नेतृत्वमा पार्टी कार्यालयबाट निस्केको जुलुसले जिल्ला प्रशासन कार्यालय सप्तरीका निमित्त प्रमुख जिल्ला अधिकारी लक्ष्मी आचार्य पराजुलीमार्फत बुधबार सो ज्ञापनपत्र बुझाइएको हो ।

ज्ञापनपत्रमा त्यस्ता कार्यमा संलग्न सबै अपराधीहरुलाई गिरफ्तार गरि हदैसम्मको कानुनी कारवाहीको माग गर्दै दोषिलाई कुनै पनि बहानामा दोषमुक्त नबनाउन वा मुद्दालाई कमजोर तथा निश्प्रभावी नपार्न राजनीतिक दल र अधिकारकर्मी तथा नेपाली नागरिकहरु सडकमा धर्ना र प्रदर्शन गरिरहेको उल्लेख छ ।

सोही ज्ञापनपत्रमा नक्कली भुटानी शरणार्थी काण्डका भ्रष्टाचारीहरुलाई कानुनी कारवाहीको दायरामा ल्याउन सरकारले राखेको अडान, कार्य र सक्रियताले आमनागरिकको बीचमा सकारात्मक सन्देश प्रवाह गरेको जनाउँदै निराश भएका जनता केही मात्रामा आशावादी बनेको उल्लेख छ ।

साथै यस काण्डमा संलग्न पूर्वउपप्रधानमन्त्री, मन्त्री, कतिपय दलका उच्चपदस्थ नेता, बहालवाला सांसद, उच्चपदस्थ कर्मचारी लगायतका व्यक्तिहरुको भ्रष्ट क्रियाकलापलाई आधार बनाएर विभिन्न आवरणका शक्तिहरुले संघीय लोकतान्त्रिक गणतन्त्रलाई बदनाम गर्ने र विविध षडयन्त्र गर्ने काम गरिरहेको ज्ञापनपत्रमा जनाइएको छ ।

नक्कली भुटानी शरणार्थी काण्ड सम्बन्धी अपराधको सम्पूर्ण संजाललाई कानुनको घेराभित्र ल्याई कडा भन्दा कडा कानुनी सजाय दिन सरकार समक्ष ज्ञापनपत्र मार्फत माग गरिएको छ ।

ज्ञापनपत्र बुझाउने कार्यमा पार्टीका नेपाल बुद्धिजिवि परिषद् सप्तरीका अध्यक्ष अनिलकुमार अनल, नेपाल किसान महासंघ सप्तरीका अध्यक्ष सत्यनारायण यादव, युवा संघ प्रदेश सचिव छोटेलाल यादव, अखिल नेपाल महिला संघकी केन्द्रिय सदस्य अनार चौधरी, केन्द्रिय परिषद् सदस्य किरण मिश्रासमेतको सहभागिता थियो ।

## बाल विवाह गर्ने भारतीय नागरिकलाई तीन महिना कैद फैसला

**दैनिक समाचारदाता**
**राजविराज, ३ जेठ ।**

बाल बिबाह गर्ने एक भारतीय नागरिकलाई तीन महिना कैद सजायको फैसला भएको छ ।

सप्तरीकी १७ वर्षीया एक बालिकासँग बाल विवाह गरेका भारतको जम्मु काश्मिर राज्य श्रीनगर अविकरपोरा पालामोरा निवासी ४१ वर्षीय गुलाम जिलानीलाई जिल्ला न्यायाधीश हेमन्त रावलको इजलासले कैद सजायको फैसला सुनाएको हो । सो फैसला सँगै जिलानीलाई दुई हजार जरिवाना समेत भएको छ ।

यस्तै बाल विवाह गराउन सहयोग गर्ने भारत जम्मु काश्मिर राज्य रैनवारीका ४० वर्षीय मो रफिकखार र उनकी पत्नी २७ वर्षीया नुर जहानलाई डेढ महिना कैद सजाय भएको सप्तरी जिल्ला अदालतले जनाएको छ । उनीहरु दुबै जनालाई एक/एक हजार रूपियाँ जरिवाना पनि भएको छ ।

अभियुक्तले तिर्नुपर्ने जरिवाना वापतको रकम भने कैद बसेको अवधिबाट भुक्तान भएको अदालतले जनाएको छ । यता बालिकाका बुवा र आमाले अभियोग दाबीबाट सफाइ पाएका छन् ।

बाल विवाह गरेर भारततर्फ जाँदै गरेको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट वनैनियाको टोलीले बालिका र तीन जना आरोपित भारतीय नागरिकलाई पक्राउ गरेर गत माघ १४ गते नेपाल प्रहरीको जिम्मा लगाएको थियो ।

## भरुवा बन्दुकसहित जंगलबाट तीन जना पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, ३ जेठ ।**

महोत्तरीको बर्दिबास नगरपालिका ११ स्थित पुर्वपश्चिम राजमार्ग सडक खण्डबाट दुई थान भरुवा बन्दुकसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

राजमार्गको उत्तरतर्फ पर्ने बनपथ राष्ट्रिय वन क्षेत्र भित्र भरुवा बन्दुक साथमा बोकि जंगली जनावरको शिकार गरिरहेको सुचनाको आधारमा खोजतलास गर्ने क्रममा सर्लाहीको ईश्वरपुर नगरपालिका १२ बस्ने ३५ वर्षिय लाल बहादुर भोलन, ३० वर्षका प्रेम बहादुर भोलन र ३८ वर्षका अमिर स्याङ्तानलाई पक्राउ गरेको हो ।

दुई थान भरुवा बन्दुक काँधमा भिडि हिंडिरहेको अवस्थामा प्रहरी टोलीलाई देखेर भाग्ने क्रममा उनीहरु लडेपछि पक्राउ गरिएको हो । पक्राउ परेकाहरुमाथी थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

## महिलालाई सुरक्षित वासस्थानका लागि सेफ हाउस निर्माण हुँदै



**दैनिक समाचारदाता**
**राजविराज, ३ जेठ ।**

बेसहारा तथा हिंसामा परेका महिलालाई सुरक्षित बासस्थानका लागि राजविराजमा महिला सेफ हाउस निर्माण हुने भएको छ ।

राजविराज नगरपालिका वडा नं. २ मा स्थापना हुन लागेको महिला सेफ हाउसको बुधवार मधेश प्रदेशका सांसद किरण कुमारी साहले शिलान्यास गरेकी छिन् ।

उनकै संसदीय विकास कोषको बजेटबाट निर्माण हुन लागेको महिला सेफ हाउसले वेघर र हिंसामा परेका महिलालाई न्यायका लागि वासस्थानको समस्या अन्त्य हुने विश्वास गरिएको वडा अध्यक्ष अरुण यादवले बताए । वडाध्यक्ष यादवकै पहलमा महिला सेफ हाउसका लागि जग्गा उपलब्ध गराईएको छ ।

यसअघि सांसद साहले आफ्नो संसदीय विकास कोषको रकमबाटै राजविराज १२ मा विद्यालय कम्पाउन्ड वाल र राजविराज ७ मा धार्मिक संस्कृति महत्वको ऐतिहासिक भगवती पोखरीमा छठ घाट निर्माण तथा सौन्दर्यकरण कार्यको थालनी समेत गरिसकेकी छिन् ।

शिलान्यास समारोहमा जनप्रतिनिधि, पत्रकार तथा स्थानीयवासीहरुको उपस्थिति रहेको थियो ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

## सम्पादकीय

### कानूनी र सामाजिक अपराध

एक्काइसौं शताब्दीमा बाँचिरहेका हामी सभ्य भनाउँदा मान्छेले मान्छे-मान्छे बीच भेदभाव अहिले पनि कायमै रहेको छ। जातिय छुवाछुतले समाजमा अहिले नराम्ररी जरो गाडेको छ। हामी मानवलाई तल्लो जात र उपल्लो जातमा बाँडेर आफ्नो स्वार्थपूर्ति मात्र गरिरहेका छौं। मानवलाई अछुत भनेर हामी उसलाई मठ-मन्दिर, धारा-पौवा सार्वजनिक ठाउँहरुमा जानबाट बञ्चित गर्छौं। हामीले तल्लो जात भनेर उनीहरुलाई त्यस्ता सार्वजनिक ठाउँमा प्रवेश निषेध मात्र गर्दैनौं, उनीहरुलाई अपमान गर्ने र उनीहरुमाथि दुर्व्यवहार गर्ने जस्ता कृत्य गर्न पनि पछि पर्दैनौं।

यसरी जाति छुवाछुत गरी उनीहरुको आत्मसम्मानमा समेत ठेस पुगिरहेको हुन्छ। हाम्रो देशको कानूनले जातिय छुवाछुतलाई कानूनी रुपमा अपराध मानेको छ। यो समाजको एउटा कलंक पनि हो। सबैको रगत रातै हुन्छ तर तलो जात भनेर हेप्नु, दुर्व्यवहार गर्नु र सामाजिक ठाउँमा प्रवेश निषेध गर्नु मानवीयता कदापि हुन सक्दैन। मानिसले मानिसलाई अछुत मान्नु मानवतामाथिको कलंक हो।

तसर्थ जातिय छुवाछुत मान्नेलाई र सोको आधारमा मानिस माथि दुर्व्यवहार गर्नेलाई कानूनले तोकेको सजाय त दिनै पर्छ यसका अलावा सामाजिक रुपमा पनि दण्डित गर्न जरुरी देखिन्छ।

## तोकिएकोभन्दा बढी शुल्क नलिन सेवा प्रदायकलाई दूरसञ्चार प्राधिकरणको निर्देशन

काठमाडौँ, ३ जेठ (रासस)।

नेपाल दूरसञ्चार प्राधिकरणले तोकिएकोभन्दा बढी शुल्क नलिन इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिएको छ।

प्राधिकरणले एक सूचना प्रकाशित गरी केही इन्टरनेट सेवा प्रदायकले शुल्क बढाएको गुनासो आएकाले आफूखुसी तथा तोकिएकोभन्दा बढी शुल्क नबढाउन निर्देशन दिएको हो। प्राधिकरणले आफ्नातर्फबाट महसुल बढ्ने गरी कुनै निर्णय र सूचना नभएको जानकारीसमेत गराएको छ। शुल्क/महसुलदर दूरसञ्चार ऐनअनुसार प्राधिकरणबाट स्वीकृति सूचना प्रकाशित भएपछि मात्रै इन्टरनेट सेवा प्रदायकले महसुल बढाउन पाउने नियम छ।

हाल विभिन्न पत्रपत्रिकामा इन्टरनेट सेवा प्रदायकले आपसी मिलोमतोमा इन्टरनेट सेवाको शुल्क बढाउने गरी भद्र सहमति भइसकेको भनी समाचार प्रकाशित भएका साथै केही इन्टरनेट सेवा प्रदायकले प्राधिकरणको निर्देशन भन्दै इन्टरनेट सेवाको महसुलदर बढाएको भनी उपभोक्ताले विभिन्न माध्यमबाट गुनासोसमेत व्यक्त गरेकोप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएकोसमेत प्राधिकरणले जनाएको छ।

इन्टरनेट सेवा प्रदायकले मिलेमतोमा आफूखुसी इन्टरनेट सेवाको शुल्क/महसुलदर बढाउनु दूरसञ्चार ऐन, २०५३ तथा प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ विपरीत हुने भएकाले सो कार्य नगर्नसमेत प्राधिकरणले उक्त सूचनामार्फत आग्रह गरेको छ।

यसैगरी नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त दूरसञ्चार सेवा प्रदायकले सेवा प्रदान गरेबापत ग्राहकसँग लिने शुल्क/महसुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ तथा अनुमतिपत्रको शर्तबमोजिम प्राधिकरणबाट अनिवार्यरूपमा स्वीकृत गराई प्राधिकरणबाट स्वीकृत भएको मितिसमेत उल्लेख गरी ग्राहक तथा सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशित गरेपश्चात मात्र लागू गर्नुपर्ने कानूनी व्यवस्था रहेबमोजिम अनुमतिपत्र प्राप्त सबै दूरसञ्चार सेवा प्रदायकलाई शुल्क/महसुलदर स्वीकृत गराएर मात्र लागू गर्न आग्रह गरिएको छ।

दूरसञ्चार सेवाको शुल्क/महसुलदर स्वीकृत गर्ने विद्यमान कानूनी व्यवस्थाबमोजिम प्राधिकरणबाट दूरसञ्चार सेवाको शुल्क/महसुलदर स्वीकृत गर्दा स्वच्छ बजार प्रतिस्पर्धासमेतलाई मध्य नजर गरिँदै आएको प्राधिकरणले जनाएको छ।

उक्त व्यवस्थाअनुसार प्राधिकरणबाट कुनै पनि इन्टरनेट सेवाप्रदायकले स्वीकृत शुल्क/महसुलदरभन्दा बढी लिने गरी अनुमति प्रदान नगरिएको तथा इन्टरनेट सेवाको विद्यमान स्वीकृत शुल्क/महसुलदरभन्दा बढी शुल्क लिने गरी प्राधिकरणले हालसम्म कुनै पनि सूचना जारी नगरिएको जनाएको छ।

शुल्क/महसुलदर बढाउन इन्टरनेट सेवा प्रदायकलाई कुनै पनि निर्देशन नदिएको हुँदा प्रस्तुत विषयमा स्पष्ट हुन सम्बन्धितलाई जानकारी गराउँदै कुनै उपभोक्तालाई स्वीकृत महसुलदरभन्दा बढी शुल्क/महसुलदर लिने गरी बिल/बिजक जारी गरिएको भए सो को जानकारी प्राधिकरणलाई उपलब्ध गराइदिनु भई नियमन गर्ने कार्यमा सहयोग पुऱ्याइदिन प्राधिकरणले सोही सूचनामार्फत आग्रह गरेको छ।

## विश्व समाचार

### भ्रष्टाचारमा दोषी पूर्वराष्ट्रपतिलाई तीन वर्ष जेल सजाय

पेरिस, ३ जेठ (रासस/एएफपी)।

भ्रष्टाचारमा दोषी ठहरिएका फ्रान्सका पूर्वराष्ट्रपति निकोलस सार्कोजीलाई तीन वर्षको जेल सजाय सुनाइएको छ। फ्रान्सको एक पुनरावेदन अदालतले तल्लो अदालतले गरेको निर्णयलाई सदर गर्दै सार्कोजीलाई कारावासको सजाय सुनाएको हो। हतकडीसहित उनलाई अब एक वर्ष निजकै घरमा राखिनेछ भने सार्वजनिक पदमा तीन वर्षसम्म प्रतिबन्ध लगाइएको छ। पूर्वराष्ट्रपति सार्कोजीले आफूविरुद्धको मुद्दालाई आफ्नो पक्षमा पार्न न्यायाधीश तथा आफूमाथि लागेको भ्रष्टाचार अभियोगलाई कमजोर पार्न दबाब र प्रभावको हतियार प्रयोग गरेका थिए। पुनरावेदन अदालतको आदेश सुनेर बिना कुनै टिप्पणी ६८ वर्षीय सार्कोजी न्यायालयबाट बाहिरिएका थिए। उनका वकिलहरूले पुनरावेदन अदालतको निर्णयविरुद्ध सर्वोच्च अदालतमा अपील गरिने बताएका छन्। सन् २००७ देखि २०१२ सम्म राष्ट्रपति रहेका सार्कोजी पदबाट बाहिरिने बित्तिकै कानुनी झमेलामा फसेका थिए। मार्च २०२१ मा उनी र उनका वकिल थियरी हर्जोगले भ्रष्टाचारलगायत कानुनी अनुसन्धानबारे जानकारी प्राप्त गर्न न्यायाधीश गिल्बर्ट अजिबर्टसँग सम्झौताको प्रयास गरेपछि उनको भ्रष्ट नियत छताछुल्ल भएको थियो। दोस्रो विश्वयुद्धपछि जेल सजाय भोग्ने उनी पहिलो पूर्वराष्ट्रपति भएका छन्।

### मोचा आँधीमा परी म्यान्मामा एकासी जनाको मृत्यु

नेपिट, ३ जेठ (रासस/एएनआई)।

म्यान्मामा मोचा आँधीमा परेर ८१ जनाको मृत्यु भएको छ। अल्पसङ्ख्यक रोहिङ्गिया मुसलमानको बसोबासस्थल राखिन राज्यको बुमा र समीपको खाउङ डोके कार गाउँमा कम्तीमा ४६ जनाले ज्यान गुमाएका सरकारी अधिकारीहरूले बताएका छन्। राखिनको राजधानी सित्तवेको उत्तरमा अवस्थित राथेदाउङ गाउँको मठ भत्किँदा १३ जनाले ज्यान गुमाएका तथा सोही गाउँको छिमेकमा भवन भत्किँदा एक महिलाको मृत्यु भएको सरकारी टेलिभिजन एमआरटिभीले जनाएको छ। आँधीका कारण एक सयभन्दा बढी हराइरहेकाले ज्यान गुमाउनेको सङ्ख्या अझै बढ्ने बुमा गाउँका प्रमुख कार्लोले बताएका छन्। सिट्टे नजिक विस्थापित रोहिङ्गिया शरणार्थी शिविरमा नौ जनाको मत्यु भएको तथा ओन ताव छे गाउँमा एक जना र ओव गीमा छ जनाले ज्यान गुमाएका स्थानीय अधिकारीलाई उद्धृत गर्दै एमआरटिभीले जनाएको छ।

### 'चीन र इरानमा धार्मिक स्वतन्त्रताको अधिक उल्लङ्घन'

वासिङ्टन, ३ जेठ (रासस/एएनआई)।

चीन र इरानमा धार्मिक स्वतन्त्रताको अधिक उल्लङ्घन भएको आरोप धार्मिक स्वतन्त्रतासम्बन्धी एक अमेरिकी प्रतिवेदनमा लगाइएको छ। अमेरिकी विदेश मन्त्रालयले जारी गरेको विश्वका सबै देशको गत वर्षको धार्मिक स्वतन्त्रतासम्बन्धी वार्षिक प्रतिवेदनमा चीन र इरानले आफ्ना नागरिकलाई धार्मिक स्वतन्त्रता पूर्णरुपमा उपभोग गर्न नदिएकामा चिन्ता व्यक्त गरिएको छ।

प्रतिवेदन सार्वजनिक गर्दै विदेशमन्त्री एन्टोनी ब्लिन्केनले संसारका धेरै देश दमनमा उत्रिएका तथा उनीहरूले आफ्ना नागरिकलाई त्रसित तुल्याएका, विश्वका धेरै भागका सरकारले यातना, कुटपीट, गैरकानुनी निगरानी, तथाकथित पुनःशिक्षा शिविरलगायत उपाय गरेर अल्पसङ्ख्यक लक्षियत दमनलाई जारी राखेका बताउनुभयो। चीनको सिनजियाङ प्रान्तमा अल्पसङ्ख्यक मुस्लिम उइघुरमाथि दुर्व्यवहार गरिएको, धार्मिक आस्थाविरुद्ध अभियान चलाइएको, उनीहरूको मानवअधिकारको सम्मान एवम् संरक्षण नभएको, सबै धार्मिक गतिविधिलाई चिनियाँ कम्युनिष्ट पार्टीको नियन्त्रणमा ल्याउने प्रयास गरिएको तथा त्यस क्रममा दश हजारभन्दा बढीलाई जेल हालेको आरोप प्रतिवेदनमा लगाइएको छ। यसअघि पनि अमेरिकाले उइघुर मुद्दालाई लिएर चीनको कटु आलोचना गरेको थियो।

धार्मिक स्वतन्त्रतासम्बन्धी सन् २०२२ को वार्षिक प्रतिवेदनमा उइघुरमाथिको उत्पीडन जारी रहेको, तिब्बती बुद्धधर्मको अभ्यास गर्नेमाथि सरकार असहिष्णु भएको, तिब्बतका केही भिक्षु-भिक्षुणीलाई दुर्व्यवहार गरिएको, केहीलाई लामो समयसम्म हिरासतमा राखिएको आरोप पनि लगाइएको छ। अमेरिकी विदेश मन्त्रालयको उक्त प्रतिवेदनको खण्डन गर्दै चीनले सिनजियाङमा आतङ्वादविरोधी गतिविधि रोक्ने प्रयास भएको बताएको छ। महिलाले अनिवार्य रुपमा शिर ढाक्नैपर्नेलगायत कठोर कानुनी व्यवस्थाले इरानीहरूको धार्मिक स्वतन्त्रता हनन भएको उल्लेख गर्दै प्रतिवेदनमा हिजाब नलाएकी एक किशोरीको धार्मिक प्रहरी हिरासतमा मृत्युभएपछि भड्किएको विरोध प्रदर्शनले उग्र रुप लिएको विषयसमेत समेटिएको छ। उपयुक्त ढङ्गले शिर नछोपेकी मासा अमिनीको मृत्युलाई 'हत्या' भन्दै जारी शान्तिपूर्ण विरोध प्रदर्शनमा राज्यले गरेको दमन, मानवाधिकार उल्लङ्घन, युक्रेन युद्ध र त्यसको छायामा भएका व्यक्तिका धार्मिक स्वतन्त्रता उल्लङ्घन, बेल्जियमदेखि ब्राजिलसम्मका मानवअधिकार हनन तथा धार्मिक स्वतन्त्रताविरुद्धका घटना प्रतिवेदनमा समावेश गरिएका छन्।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मन्त्री शर्मा भन्नुहुन्छ, "सूचना प्रविधिको प्रयोग बढ्दो, तर राजस्व घट्दो किन ?"

काठमाडौँ, ३ जेठ (रासस)।

विश्व दूरसञ्चार तथा सूचना समाज दिवसको अवसर पारेर बुधबार नेपाल दूरसञ्चार प्राधिकरणले 'स्पेक्ट्रम म्यानेजमेन्ट' सम्मेलनको आयोजना गरेको छ।

सम्मेलनका क्रममा 'नेपालमा दूरसञ्चारको बजार र आगामी बाटो', 'उदाउँदो मोबाइल प्रविधि' र 'इन्टरनेटको वर्तमान अवस्था र भविष्यको आवश्यकता'लगायत तीन सत्रका विभिन्न विषयमा विज्ञसँग अन्तरक्रिया गरिने प्राधिकरणका निर्देशक दीपेश आचार्यले जानकारी दिनुभयो।

सम्मेलनमा 'अतिकम विकसित मुलुकमा दूरसञ्चारको बजारः चुनौती र आगामी बाटो', 'नेपालको सूचना प्रविधि बजारको वर्तमान अवस्था', 'नेपालको दूरसञ्चार बजारको विश्लेषण र डिजिटल अर्थतन्त्रमा यसको भूमिका', 'नेपालमा फाइभ-जीको बाटो', 'विकसित मुलुकमा फाइभ-जीको अभ्यास', 'नेपालमा फाइभ-जीको बजार'लगायत विषयमा वक्ताहरूले प्रस्तुति दिनुहुनेछ।

सम्मेलनको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले उद्घाटन गर्नुभयो। उद्घाटनका क्रममा उहाँले सूचना प्रविधिसम्बन्धी सेवालाई सस्तो र गुणस्तरीय बनाउँदै सबैको पहुँचमा पुऱ्याउने सन्दर्भमा सेवा प्रदायक र नियामकले विशेष ध्यान दिनुपर्ने बताउनुभयो। सरकार सूचना प्रविधिको पहुँच हुने र नहुनेको दूरी कम गर्न लागिपरेको जानकारी दिँदै उहाँले अझै पनि दूरदराजमा गुणस्तरीय मोबाइल सेवा नपुगेकातर्फ सेवा प्रदायकले सोच्नुपर्ने बताउनुभयो।

सूचना प्रविधिमा पहुँच हुने र पहुँच नहुने बीचको खाडल कसरी पुर्ने भन्ने विषयमा मिलेर काम गर्नु जरुरी रहेको जनाउँदै उहाँले विश्व बजारमा प्रविधि विकासको प्रतिस्पर्धामा उभिनका लागि तयार हुँदै गर्दा अर्कातिर भने यही देशको दूरदराजमा रहेका जनताले राम्रो दूरसञ्चारको सेवा पाइरहेका छैनन् भन्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो।

"दूरसञ्चार क्षेत्रमा देखिएका समस्या, कमीकमजोरी, सुधार्नुपर्ने विषय, सूचना प्रविधि क्षेत्रबाट राजस्व सङ्कलन गर्ने, 'डिजिटल डिभाइड' कम गर्ने, दूरसञ्चार सेवाको गुणस्तर सुधार गर्नेलगायत विषयमा सम्मेलनमा घनिभूत छलफल हुनुपर्छ, विगतमा के-के भए त्यसको समीक्षा हुनुपर्छ", उहाँले भन्नुभयो।

उहाँले सूचना प्रविधिको क्षेत्रमा सरकारका साथै निजी क्षेत्रले पनि लगानी बढाउनुपर्ने, प्रविधिको प्रयोग दिनप्रतिदिन बढ्दै गएको भए पनि यस क्षेत्रसँग सम्बन्धित राजस्व घट्दै गइरहेको विषयमा गम्भीर छलफल हुनुपर्ने बताउनुभयो।

"दिनप्रतिदिन दूरसञ्चार क्षेत्रको प्रविधिको प्रयोग विस्तार भइरहेको छ, तर राजस्व घट्दै आउने देखिएका छ, यसको कहाँनेर समस्या हो ? यसलाई कताबाट हल गर्नुपर्छ भन्ने विषयमा विशेष ध्यान दिन जरुरी छ", मन्त्री शर्माले भन्नुभयो।

मन्त्रालयका सचिव कृष्णबहादुर राउतले सूचना प्रविधिको आविष्कारलाई मुलुकको आर्थिक समृद्धि, सामाजिक जीवनको उन्नतिका लागि सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो। डिजिटल विभेद न्यून तथा डिजिटल समावेशिता कायम गर्ने गरी पूर्वाधार निर्माण गर्न सरकार जुटेको उहाँको भनाइ थियो।

प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले मुलुकको आर्थिक विकासमा डिजिटल रुपान्तरणले सहयोग पुऱ्याएको जनाउँदै दीर्घकालीन पूर्वाधार निर्माणमा प्राधिरकण जुटेको बताउनुभयो।


दर्ता नं. ११/०६८/०६९

# जनज्योति कृषि सहकारी संस्था लिमिटेड

**मुख्य कार्यालय मलेठ-९ , सप्तरी**

मिती :२०८०।०२।०४

## ऋण बुझाउने आउने बारे ३५ दिने सुचना

यस जन ज्योति कृषि सहकारी संस्था लि. राजविराज ९ मलेठ सप्तरीबाट विभिन्न मिति तथा उद्देश्यमा ऋण लिएको तपसिलका ऋणी सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवाको लाग्ने ब्याज तथा हर्जना रकम नबुझाएकोले निजहरुलाई पटक पटकमौखिक तथा लिखित तागेदा पत्राचार गरिसकिएको, तत्पश्चात पनि ऋण नबुझाई अटेरी गरेको हुंदा निजहरुलाई ऋण बुझाउन आउने भनी ३५ दिने सुचना जारी गरिएको उक्त समय भित्र ऋण बुझाउन हुन सुचित गरिन्छ। सो नआएमा सहकारी ऐन २०७४ को दफा ७९, ८३, सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको बिनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिक्री गरी असुल उपर गरिने ब्योहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| क्र.स. | ऋणीको नाम, थर | ठेगाना | बुवा पति | बाजे, ससुरा | मंजुरीमा दिने | ऋणको उद्देश्य |
|---|---|---|---|---|---|---|
| १. | रन्जु कुमारी मण्डल | छिन्नमस्ता ४ | शम्भु कुमार मण्डल | चन्द्र नारायण मण्डल | | व्यापार कर्जा |
| २. | मो. हुसेन | रा.वि ९, जोलहरी | नथु मिया | बुधबु मियाँ | | व्यापार कर्जा |
| ३. | चन्दा देवी झा | राजविराज १ | बैजु झा | अनिरुद्ध झा | | व्यापार कर्जा |
| ४. | अमेरिका देवी साह | शम्भुनाथ १२, अर्नाहा | अमरलाल साह | विशेश्वर साह | | व्यापार कर्जा |
| ५. | उर्मिला कुमारी चौधरी | हरिहरपुर ३ | चन्द्र नारायण चौधरी | दोरिकलाल चौधरी | | व्यापार कर्जा |
| ६. | बुलन्ती देवी खंग | राजगढ ३, नर्घो | चन्देश्वर खंग | पुलकित खंग | | व्यापार कर्जा |
| ७. | सतिश कुमार झा | राजविराज १ | सुर्य नारायण झा | मधु सुधन झा | | व्यापार कर्जा |
| ८. | सत्य नारायण चौधरी | रुपनी १, रायपुर | आन्नदलाल चौधरी | राम किसुन चौधरी | | व्यापार कर्जा |
| ९. | सिरी कुमारी चौधरी | राजविराज ८ | लखेन्द्र प्र.चौधरी | छोटीलाल चौधरी | | व्यापार कर्जा |
| १०. | शम्भु प्रसाद यादव (लाली) | रा.वि ९, बिहारपुर | नसिबलाल यादव | बृजनारायण यादव | गुलाब देवी यादव | व्यापार कर्जा |
| ११. | उमेश कुमार यादव | राजगढ १, नर्घो | शिवनारायण यादव | अयोधी यादव | मुसनी देवी यादव | व्यापार कर्जा |
| १२. | अनारवती देवी नोनिया | राजविराज ९ | बुधेशवर नोनिया | पुहुपलाल नोनिया | | व्यापार कर्जा |
| १३. | दिनेश कुमार यादव | राजविराज ६ | मुनार यादव | लोलाई यादव | गिता देवी | व्यापार कर्जा |
| १४. | सुनिता कुमारी चौधरी | शम्भुनाथ ११, राजपुर | प्रदिप कुमार चौधरी | आबद्ध चौधरी | | व्यापार कर्जा |
| १५. | उर्मिला देवी महतो | राजविराज ९ | श्त्रुधन महतो नोनिया | सुकदेव नौनिया | | व्यापार कर्जा |
| १६. | राम प्र.दास धर्म ना.दास | रुपनी ५ | रुन्दी दास/राधा दास | मरुवा दास/नैते दास | राम प्र.दास धर्म ना.दास | व्यापार कर्जा |
| १७. | तिलिया देवी थरुनी | हरिहरपुर ३ | महिनाथ चौधरी | दोरिकलाल चौधरी | | व्यापार कर्जा |
| १८. | राजेन्द्र प्रसाद दास | राजविराज ८ | नथुनि दास | कालानाथ दास | | व्यापार कर्जा |
| १९. | आभा देवी चौधरी | रुपनी १, रायपुर | देवकुमार चौधरी | रामनाथ चौधरी | | व्यापार कर्जा |
| २०. | देव कुमार चौधरी | रुपनी १, रायपुर | रामनाथ चौधरी | बेतीलाल चौधरी | आभा देवी चौधरी | व्यापार कर्जा |
| २१. | चन्द्रवती देवी कलबार | शम्भुनाथ १, बनरझुला | बिन्दी लाल चौधरी | मनिलाल चौधरी | | व्यापार कर्जा |

# मदन-आश्रित दिवसमा रक्तदान




**दैनिक समाचारदाता**
**राजविराज, ३ जेठ ।**
मदन आश्रित दिवसको अवसरमा बुधवार राजविराजमा अनेरास्ववियु र राष्ट्रिय युवा संघले रक्तदान कार्यक्रम गरेको छ ।

गजेन्द्र नारायण सिंह अस्पतालस्थित रक्तसंचार गृहमा नेकपा एमालेका नेता दुर्गानन्द ठाकुर, लक्ष्मण यादव, शिवराम ठाकुर, अनेरास्ववियुका मनिसा साह, भवानी ठाकुर,सचिन्द्र यादव र सुर्य कुमार रजक लगायत १७ जनाले रक्तदान गरे ।

यस्तै रक्तदान पश्चात कार्यक्रमको प्रमुख अतिथि पोलिटब्युरो सदस्य सुमन राज प्याकुरेलको अगुवाईमा उनीहरूले उक्त अस्पतालको इमर्जेन्सी वार्डमा रहेका ४० जना बिरामीहरुलाई फलफूल समेत वितरण गरे ।

अनेरास्ववियु सप्तरीको अध्यक्ष रंजिव साहको अध्यक्षतामा आयोजित कार्यक्रममा एमालेका नेता ताराकान्त चौधरी, अब्दुल मजिद सकिर, अखिलेश झा, देवनाथ यादव, अनिल झा, वरिष्ठ पत्रकार तथा अधिकारकर्मी मनोहर पोखरेल लगायतका व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

# डिजेल र मट्टितेलको मूल्य घटयो

काठमाडौँ, ३ जेठ (रासस) ।
नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको छ। इन्डियन आयल कर्पोरेशन (आइओसी)बाट पेट्रोलियम पदार्थको खरिद मूल्य घटेर आएपछि निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको हो ।

निगमले डिजेल र मट्टितेलको मूल्यमा मंगलबार राति १२ बजेदेखि लागू हुने गरी प्रतिलिटर रु १० घटाएको छ । पेट्रोल, हवाई इन्धन र खाना पकाउने ग्यासको मूल्य यथावत छ । मूल्य घटेसँगै डिजेल र मट्टितेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु एक सय ५५ कायम भएको छ ।

यसअघि डिजेल र मट्टितेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु एक सय ६५ थियो । पेट्रोलको मूल्य प्रतिलिटर रु एक सय ७५, हवाई इन्धन (आन्तरिक) को मूल्य प्रतिलिटर रु एक सय ६०, हवाई इन्धन (बाह्य)को प्रतिलिटर अमेरिकी डलर १.३५० र खाना पकाउने ग्यासको मूल्य प्रतिसिलिण्डर रु एक हजार आठ सय कायमै छ ।

# सार्वजनिक यातायातको भाडा घट्यो

काठमाडौँ, ३ जेठ (रासस) ।
यातायात व्यवस्था विभागले अन्तरप्रदेश सार्वजनिक यातायातअन्तर्गत यात्रुवाहक तथा मालवाहक सवारी साधनको भाडादर घटाएको छ । नेपाल आयल निगमले गएराति १२ बजेदेखि लागू हुने गरी डिजेलमा मूल्य घटाएसँगै उक्त विभागले पनि बुधबार सार्वजनिक यातायातको भाडादर घटाएको हो ।

विभागले बुधबार एक सूचना जारी गर्दै इन्धनको मूल्यका आधारमा स्वचालितरूपमा भाडा समायोजन गरिएको जनाएको छ । यात्रुवाहक सवारी साधनको भाडा तीन दशमलव २० प्रतिशतले घटाइएको उक्त सूचनामा उल्लेख गरिएको छ । यसैगरी पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारी साधनको भाडा चार दशमलव १९ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारी साधनको भाडा चार दशमलव ६५ प्रतिशतले भाडा घटेको जनाइएको छ ।

# अबैध गाँजा र ट्याक्टरसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, ३ जेठ ।**
महोत्तरी जिल्लाको गौशाला नगरपालिका १२ बाके खोला रेल्वे पुल नजिक प्रहरीले ट्याक्टरमा लुकाई छिपाई लगिरहेको गाजा नियन्त्रणमा लिएको छ ।

खोलाको बाटो हुँदै कान्तिबजारतर्फ आउँदै गरेको ना.७त.२२०० नं. ट्याक्टरमा लोड गरिएको ८२ किलो गाजा, ट्याक्टर र दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरी चौकी कान्तिबजार महोत्तरीबाट खटिएको प्रहरी टोलीले शंका लागि चेक जाँच गर्दा ट्याक्टरमा विभिन्न ठाउँमा लुकाई छिपाई राखेको गाँजा, ट्याक्टर चालक सर्लाही ईश्वरपुर नगरपालिका १२ ईश्वरपुर बस्ने २६ वर्षिय गणेश सार्की, ट्याक्टरमा सवार स्थानिय २७ वर्षका पाण्डव थापा र ट्याक्टर सहित नियन्त्रणमा लिई प्रहरी चौकी कान्तिबजार महोत्तरीमा राखिएको प्रहरीले जनाएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
सुरुङ्गा नगरपालिका, सप्तरी



## डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
### कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

## डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
### छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



## खेतीयोग्य जमिनमा बस्ती नबसालौं ।
- खेतियोग्य जमिनमा बसोबास नगरौं/नगराऔं,
- हरियाली बातावरणसहितको नमूना बस्तीको विकास गरौं,
- सिंचाई सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं,
- गाउँ बस्तीलाई नमूना बस्तीमा रुपान्तरण गरौं,
- समृद्ध नेपालको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
iPay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*